CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

# CHANDRAGIRI HILLS LIMITED

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

# आर्थिक वर्ष २०७९/०८० को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित
अनुसूची- १४

**चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०७९/०८० को प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिष्कृत) प्रतिवेदन :**

**१. वित्तीय विवरण :**
कम्पनीको हिसाब-किताबको लेखांकनअनुसार आर्थिक वर्ष २०७९/०८० (२०२२/२०२३) को साउन १, २०७९ देखि असोज ३१, २०७९ (जुलाई १७, २०२२ देखि अक्टोबर १७, २०२२) सम्मको अवधिको आर्थिक विवरण प्रस्तुत गरिएको छ।

(क) आर्थिक वर्ष २०७९/०८० को प्रथम त्रैमासिक अवधिको वासलात र नाफा-नोक्सानसम्बन्धी विवरण :
आर्थिक वर्ष २०७९/०८० अन्तर्गत कम्पनीको असोज ३१, २०७९ सम्मको प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तीय विवरणहरू अनुसूची १ मा प्रस्तुत गरिएको छ।
प्रथम त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरूबीच कम्पनीको नियमित व्यावसायिक कारोबारबाहेक अन्य कुनै कारोबार नभएको।

(ख) आर्थिक वर्ष २०७९/०८० को प्रथम त्रैमासिक अवधि असोज ३१, २०७९ मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको वित्तीय विवरणका प्रमुख वित्तीय अनुपात :

| विवरण | प्रथम त्रैमासिक अवधि (असोज ३१, २०७९ को अन्त्यमा) | गत आ.व.को चौथो त्रैमासिक अवधि (असार ३२, २०७९ को अन्त्यमा) | गत आ.व.को प्रथम त्रैमासिक अवधि (असोज ३१, २०७८ को अन्त्यमा) |
|---|---|---|---|
| ऋण पुँजीको अनुपात | २.०३ | २.०७ | २.१७ |
| सेयरधनीको सेयर पुँजी कोषको प्रतिफल | ०.०१ | ०.०२ | (०.०२) |
| प्रतिसेयर आम्दानी (रु) | ०.८५ | १.६७ | (१.५५) |
| प्रतिसेयर नेटवर्थ (रु) | ७५.१४ | ७४.२९ | ७२.८० |
| प्रतिसेयर कुल सम्पत्तिको मूल्य (रु) | २३३.७४ | २३४.७७ | २४१.२६ |
| प्रतिसेयर बजार मूल्य (रु १००/-प्रतिसेयर) (रु) | ९५३ | १०४९.९० | १३५० |
| प्राइस अर्निङ रेसियो (टाइम्स ) | १,११५.३७ | ६२९.७१ | (८७२.६८) |
| चालू अनुपात | २.६० | २.९९ | २.६० |

**२. व्यवस्थापकीय विश्लेषण :**

(क) आर्थिक वर्ष २०७९/०८० को प्रथम त्रैमासिक समीक्षा अवधिमा कम्पनिको आर्थिक क्रियाकलाप तुलनात्मक रूपमा सकारात्मक रहेको छ। यस अवधिको पहिलो महिनादेखि नै आर्थिक क्रियाकलापहरू क्रमशः सुधार हुँदै जाँदा कम्पनीको व्यापार व्यवसायमा वृद्धि भएको छ।

(ख) चन्द्रागिरि हिल्स लिमिटेडले नेपालमा सञ्चालन गरेका अन्य पर्यटकीय क्रियाकलापमध्येको उत्कृष्ट तथा सम्पूर्णताले भरिएको अद्वितीय स्थल हो। पर्यटकीय गन्तव्यका हिसाबले आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटकहरूको आकर्षणको केन्द्र बनेको यो गन्तव्य स्थल समग्रमा मुलुककै अग्रणी पर्यटकीय क्षेत्रका रूपमा स्थापित हुन सफल भएको छ।

(ग) कम्पनीको व्यवस्थापन तथा सञ्चालन नेतृत्वको रणनीतिक व्यवस्थापन, प्रतिकूल परिस्थितिमा दृढताका साथ कार्यकुशलता प्रदर्शन गर्ने व्यवस्थापकीय निपुणता, व्यावसायिक दक्षता तथा क्षमता, कर्मचारीहरूको सहयोग र सक्रियताका कारण कम्पनीको यस अवधिको आयमा वृद्धि भएको छ।

(घ) यस चन्द्रागिरि हिल्स लिमिटेडमा भ्रमणमा आउने पर्यटकहरूको सुविधा तथा सहजताका लागि आफ्नो दैनिक सेवाको समयावधि थप गरी सन्ध्याकालीन सेवाको सुरुवात यसै अवधिबाट गरेको छ। यसरी सेवा विस्तारबाट साँझको समयमा कम्पनीपरिसरको भ्रमण गर्ने तथा सन्ध्याकालीन उपत्यकाको दृश्य अवलोकन गर्दै रमाउने तथा खानपान गर्ने पर्यटकहरूका लागि थप आकर्षण प्रदान भएको छ ।

(ङ) सहवित्तीयकरण कर्जा एवं चालू पुंजीको साँवा-ब्याज तोकिएको समयमा भुक्तानी गरिँदै आएको छ।

**३. कानुनी कारबाहीसम्बन्धी विवरण :**

(क) आर्थिक वर्ष २०७९/०८० को प्रथम त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनीउपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

(ख) आर्थिक वर्ष २०७९/०८० को प्रथम त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) आर्थिक वर्ष २०७९/०८० को प्रथम त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा सञ्चालकविरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको सेयर कारोबारसम्बन्धी विश्लेषण :**

(क) सेयरको कारोबारमा हुने उतारचढाव खुला बजारले प्रतिपादित गरेको मूल्य र मान्यताअनुरूप निर्देशित हुने गरेको छ। सेयरको कारोबारसम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७९/०८० को प्रथम त्रैमासिक अवधिमा प्रतिसेयर रु. १००/का दरको सेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या देहायबमोजिम रहेको छ :

| चौमासिक आ.व. २०७९/०८० (२०२२/०२३) | सेयर कारोबार मूल्य (रु) | | | कुल सेयरको कारोबार- दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार सेयर संख्या |
| | ११९४ | ९५० | ९५३ | ६६ | ३८५४ | १६४,४१९ |

**५. समस्या तथा चुनौती :**
(क) समस्या तथा चुनौतीहरू :

**(अ) आन्तरिक**
१.यस कम्पनीमा आन्तरिक समस्या नरहेको।

**(आ) बाह्य**
१. यस प्रतिवेदन तयार गर्ने अवधिको अन्त्यसम्ममा रुस र युक्रेनबीचको युद्ध र यसबाट अन्तर्राष्ट्रियस्तरमा सिर्जित असहज परिस्थिति नेपालमा पनि परेको।
२. पर्यटकीय पूर्वाधारको विकास सुस्त गतिमा भएका कारण आन्तरिक तथा बाह्य पर्यटकको गतिविधिमा विस्तार हुन नसक्नु।
३. अस्थिर राष्ट्रिय नीतिका कारण पर्या-पर्यटकीय क्षेत्रमा पर्ने प्रभाव।
४. विश्वव्यापी रूपमा भएको मूल्य वृद्धि र सोले नेपालमा पारेको प्रभाव, देशको आर्थिक र राजनीतिक अवस्था र विभिन्न यात्रु निर्देशनबाट पर्ने प्रभाव।
५. विद्युत्, इन्धन तथा खाद्य पदार्थमा हुने अप्रत्याशित मूल्य वृद्धि, उपभोग्य पदार्थको मूल्यवृद्धि र श्रम समस्याबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरू।
६. आकस्मिक रूपमा आइपर्ने असहज परिस्थिति, सरकारको आर्थिक नीतिमा हुने परिवर्तन।
७. विदेशी विनियम दरमा आउने अप्रत्याशित परिवर्तन।

**ख) रणनीति :**

क) कम्पनीबाट मिति २०७९ साउन १ गतेबाट लागू हुने गरी केबलकार सेवाको समयावधिलाई परिवर्तन गरी बिहान ८.०० बजेबाट बेलुकी ९.०० बजेसम्म सञ्चालन गर्न थालिएको छ। यसबाट कुनै पनि कार्यालयबाट आफ्नो कार्यालय समयपश्चात् पनि सन्ध्याकालीन समयमा केबलकारको यात्रा गर्न वा रिसोर्ट तथा टप स्टेसनबाट काठमाडौं उपत्यकाको रात्रिकालीन दृश्यावलोकन गर्न चाहने यात्रुहरूलाई थप मद्दत पुगेको छ।

ख) कम्पनीप्रति आमजनमानसबाट प्राप्त सकारात्मक सोच तथा कम्पनीको व्यवस्थापनको कार्यकुशलता तथा समयसापेक्ष रणनीतिको परिणामस्वरूप भ्रमणमा आउने पर्यटकहरूको क्रमिक वृद्धि एवं रिसोर्टमा वास बस्न तथा कार्यक्रम सञ्चालन गर्न आउनेहरूको उल्लेख्य संख्यामा वृद्धि भएको छ।

ग) कम्पनीको व्यावसायिक गतिविधिमा वृद्धि गर्न विभिन्न समस्या तथा चुनौती सामना गर्नुपरेको वर्तमान अवस्थामा पनि कम्पनीले सञ्चालन गरेका विभिन्न पर्यटकीय गतिविधि तथा रिसोर्टमा बस्न आउने पाहुनाहरूलाई प्रदान गरिने गुणस्तरीय सेवा तथा अपनाउनुपर्ने सुरक्षा मापदण्डमा स्तरोन्नति, भौतिक पूर्वाधारको स्तर वृद्धि गर्ने तथा व्यावसायिक कार्यकुशलतालाई पूर्ण क्षमतामा प्रयोग हुँदै आएको छ।

घ) कम्पनीका सबै संयन्त्रहरूको समुचित सदुपयोग गरी कम्पनीको सञ्चालन न्यूनतम खर्चमा गर्ने, कम्पनीको सञ्चालन खर्चमा मितव्ययितासहित अन्य अनावश्यक खर्चहरूलाई कटौती गरी कम्पनीलाई अनुकूल वातावरण बनाई आम्दानीमा वृद्धि हुने गरी बजार व्यावस्थापन गर्नेतर्फ उच्च प्राथमिकता दिइनेछ।

**६. संस्थागत सुशासन :**
संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदमसम्बन्धी विवरण :

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षणका लागि लेखापरीक्षक छनोट गरी लेखापरीक्षण गराउने गर्दछ, लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नका लागि व्यवस्थापनलाई निर्देशनसमेत दिने गरेको छ।

(ख) कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ, आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समितिसमक्ष पेस गर्ने गरी सोमाथि विस्तृत छलफल हुने गरेको।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरूको पूर्ण परिपालनासहित अन्य प्रचलित ऐन तथा कानुनबमोजिम पूरा गर्नुपर्ने मापदण्डहरूको पूर्ण पालना गर्दछ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु कि मैले जाने-बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।

## अनुसुची १

## Chandragiri Hills Limited

Kathmandu, Nepal

## STATEMENT OF UNAUDITED FINANCIAL RESULTS

As on Ashwin 31, 2079 BS (17th Oct 2022)

| Particulars | Upto this Quarter ending on 17th October 2022 (Unaudited) | Upto previous Quarter ending on 16th July 2022 (Unaudited) | Corresponding Previous Year Quarter ending on 17th October 2021 (Unudited) |
|---|---|---|---|
| **ASSET** | | | |
| **Non-Current Asset** | | | |
| (a) Fixed Asset | | | |
| (i) Property, Plant and Equipment | 3,001,697,037 | 3,011,862,310 | 3,063,470,778 |
| (ii) Intangible Asset | 4,563,950 | 4,563,950 | 5,008,814 |
| (ii) Capital Work in Progress | 8,821,005 | 28,344,669 | 16,420,603 |
| (b) Long term Investment | 315,700,000 | 258,100,000 | 209,300,000 |
| Deferred tax asset | 4,000,054 | 4,000,054 | 30,453,649 |
| **Total of Non- Current Asset** | **3,334,782,046** | **3,306,870,983** | **3,324,653,844** |
| **Current Assets** | | | |
| (a) Inventories | 43,931,581 | 18,748,872 | 21,752,208 |
| (b) Account Receivables | 24,159,205 | 24,515,599 | 22,998,346 |
| (c) Cash & Cash Equivalent | 39,040,027 | 53,391,440 | 86,013,542 |
| (d) Loans & Advances | 110,052,875 | 144,955,680 | 119,756,536 |
| (e) Other Current Assets | 33,824,259 | 53,081,411 | 102,955,803 |
| **Total of Current Asset** | **251,007,947** | **294,693,002** | **353,476,435** |
| **Total Asset** | **3,585,789,992** | **3,601,563,984** | **3,678,130,279** |
| **EQUITY & LIABILITIES** | | | |
| **Equity, Reserve and Surplus** | | | |
| (a) Share Capital | 1,534,091,000 | 1,534,091,000 | 1,534,091,000 |
| (b) Reserve and Surplus | (381,328,633) | (394,436,308) | (417,291,939) |
| **Total Equity, Reserve and Surplus** | **1,152,762,367** | **1,139,654,692** | **1,116,799,061** |
| **Non- Current Liabilities** | | | |
| (a) Long-term borrowings | 2,336,552,949 | 2,363,512,949 | 2,425,327,949 |
| (b) Deferred Tax Liabilites | | | |
| **Total of Non-Current Liabilities** | **2,336,552,949** | **2,363,512,949** | **2,425,327,949** |
| **Current Liabilities** | | | |
| (a) Duties & Taxes | 3,305,977 | 1,046,843 | 2,228,598 |
| (b) Account payable | 22,674,437 | 28,248,744 | 27,335,336 |
| (c) Other Current Liabilities | 70,494,263 | 69,100,756 | 106,439,334 |
| **Total of Current Liabilities** | **96,474,677** | **98,396,343** | **136,003,269** |
| **Total Equity and Liabilities** | **3,585,789,992** | **3,601,563,984** | **3,678,130,279** |

**Statement of Profit & Loss for the period ended on Ashwin 31, 2079 BS (17th October 2022)**

| Particulars | Upto this Quarter ending on 17th October 2022 (Unaudited) | Upto previous Quarter ending on 16th July 2022 (Unaudited) | Corresponding Previous Year Quarter ending on 17th October 2021 (Unudited) |
|---|---|---|---|
| Revenue from Operation | 186,422,225 | 669,848,285 | 110,181,741 |
| Cost of sales | 23,156,736 | 107,259,121 | 22,952,864 |
| **Gross Income** | **163,265,489** | **562,589,165** | **87,228,877** |
| Other Income | 807,079 | 5,743,594 | 225,822 |
| **Expenses** | | | |
| Employee Benefits Expenses | 30,264,534 | 85,120,590 | 18,871,458 |
| Administrative and Other Expenses | 18,269,864 | 97,208,058 | 16,285,426 |
| **Total Expenses** | **48,534,398** | **182,328,647** | **35,156,884** |
| **Profit Before Interest, Depreciation and Tax** | **115,538,170** | **386,004,111** | **52,297,816** |
| Finance costs | 68,639,316 | 225,426,665 | 47,904,595 |
| **Profit Before Depreciation and Tax** | **46,898,854** | **160,577,447** | **4,393,221** |
| Depreciation and Amortization Expenses | 33,791,180 | 135,000,000 | 28,125,000 |
| **Profit before extra ordinary items and taxes** | **13,107,674** | **25,577,447** | **(23,731,779)** |
| Extra ordinary item | | | |
| **Profit before taxes** | | | |
| Tax Expenses | | | |
| Current Tax | | | |
| Deferred Tax | | | |
| **Profit (Loss) for the period from continuing operations** | **13,107,674** | **25,577,447** | **(23,731,779)** |
| Profit /(Loss) from dis-continuing operations | | | |
| Tax expenses of dis-continuing operations | | | |
| **Profit (Loss) for the period from dis-continuing operations** | | | |
| **Profit/(Loss) for the period** | **13,107,674** | **25,577,447** | **(23,731,779)** |
| Earning per equity share: | | | |
| Basic Earning per share | 0.85 | 1.67 | (1.55) |
| Diluted Earning per share | 0.85 | 1.67 | (1.55) |